नेपाल सरकार (सचिवस्तर) बाट स्वीकृत

निर्णय मितिः २०७०/८/२६

# ग्रामिण युवा स्वरोजगार प्रवर्द्धन पशु विकास कार्यक्रमको कार्यविधि, २०६४
# (पहिलो संशोधन २०७० )

## १. पृष्ठभूमी

देश विकाशको लागि नभै नहुने श्रोतसाधनमध्ये मानव संसाधन अति महत्वपूर्ण श्रोतसाधन हो । राज्यमा उपलब्ध प्राकृतिक श्रोतसाधनको सहि र उपयुक्त उपयोग गरी देशको आर्थिक तथा सामाजिक विकास गर्नको लागि त्यो देशको मानव श्रोतसाधन प्रमुख रुपमा जिम्मेवार रहन्छ । यसमा पनि १८ वर्ष देखि ५० वर्ष उमेरसम्मको युवा जनशक्ति सक्रिय मानव श्रोतसाधनमा पर्दछ । यसरी देशको समग्र विकासको लागि अहम भूमिका खेल्ने १८ देखि ५० वर्ष उमेरको युवा शक्ति रोजगारीको नाममा देशवाट वाहिर जाने क्रम दिनानु दिन बढ्दो छ । यसै तथ्यलाई हृदयंगम गरी नेपाल सरकारले ग्रामिण वेरोजगार युवा शक्तिको लागि देशभित्रै थप रोजगारीको अवसरहरुको श्रृजना गरी, उनीहरुलाई स्वदेशकै रोजगारीमा आकर्षित गर्ने उद्देश्यले ग्रामिण यूवा स्वरोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने नीति लिएको छ । सोही नीति मुताविक पशुपालन व्यवसायमा ज्ञान, सिप र दक्षता भएका वेरोजगार यूवाहरुलाई पशुजन्य पदार्थ विक्रि वितरण, प्रशोधन तथा पशुपालनसँग सम्बन्धित व्यवसायमा सरीक गराई स्वरोजगार प्रवर्द्धन गर्ने उद्देश्यले यो ग्रामिण युवा स्वरोजगार प्रवर्द्धन पशु विकाश कार्यक्रमको कार्यान्वयन कार्यविधि तयार गरिएको छ ।

## २. उद्देश्य

१. ग्रामिण वेरोजगार/अर्ध वेरोजगार/वैदेशिक रोजगारीवाट फर्केका युवा/यूवतीहरुलाई प्रत्यक्ष रोजगार प्रदान गरी स्वदेशभित्रै श्रृजना हुने रोजगारीमा आकर्षित गर्ने ।

२. युवाहरुको आय आर्जनमा टेवा पुऱ्याई ग्रामिण कृषक परिवारको गरिवी न्यूनिकरणमा सहयोग पुऱ्याउने ।

## ३. कार्यकम अवधिः

ग्रामिण युवा स्वरोजगार प्रवर्द्धन कार्यक्रमको अवधी ३ वर्षको हुनेछ ।

## ४. कार्यक्रम सञ्चालन हुने स्थानः

क्षेत्रिय सन्तुलनको आधारमा पाँचै विकास क्षेत्रका तुलनात्मक रुपमा वढी वेरोजगार/वैदेशिक रोजगारमा गएका जिल्लाहरुलाई संभाव्यताको आधारमा पशु उत्पादन निर्देशनालयले जिल्ला प्राथमिकिकरण सहित छनौट गर्नेछ ।

## ५. स्वरोजगार प्रवर्द्धनको लागि गर्न सक्ने व्यवसायहरुः

यस अन्तर्गत निम्न व्यवसायहरु पर्ने छन् :

- पशुपालन (गाईभैसीपालन, याकनाक,चौरीपालन,बाखापालन, बंगुरपालन, कुखुरापालन)
- पशुजन्य पदार्थ (दुध, मासु) प्रशोधन तथा विक्रि वितरण, विविधिकरण गर्ने व्यवसायहरु

- मासु पसल सञ्चालन गर्ने सम्बन्धि व्यवसायहरु ।
- अण्डा पसल सञ्चालन गर्ने सम्बन्धि व्यवसायहरु ।
- तोकिएको तालिम तथा योग्यता पुगि भेटेनरी औषधी तथा पशुपंक्षी दाना सम्बन्धि व्यवसाय र कृत्रिम गर्भाधान सम्बन्धि व्यवसाय ।

**६. कार्यक्रम कार्यान्वयन प्रकृयाः**

- सूचना प्रकाशन
- वढी वेरोजगार युवा/यूवतीहरु भएको न.पा./गा.वि.स. हरुको छनौट ।
- पशु सेवासँग सम्बन्धित कार्यक्रम संचालन गर्न ईच्छुक वेरोजगार युवा/यूवतीहरुको छनौट ।
- गै.स.स./युवा क्लव/सा.स./न.पा./गा.वि.स. संग समन्वय गरी कार्यक्रम संचालन ।
- सहभागितात्मक अनुगमन ।

**७. कार्यक्रममा संलग्न निकायहरु र तिनको जिम्मेवारी**

**७.१ उद्यमी युवा/यूवतीहरुको जिम्मेवारीः**

- आफूले पेश गरेको कार्य योजना अनुसार काम गर्ने लिखित प्रतिवद्धता जाहेर गर्ने र सोही मुताविक कार्यक्रम संचालन गर्ने ।
- कम्तिमा ३ वर्ष सम्म व्यवसाय छोडन नपाउने ।
- नियमित रुपमा तोकिएको ढाँचा (अनुसूची ६ अनुसार) मा प्रगति विवरण भरी सम्बन्धित से.के. मार्फत जिल्ला पशु सेवा कार्यालयमा पठाउने ।

**७.२ पशु सेवा केन्द्र/उप-केन्द्रको जिम्मेवारी**

- आफ्नो कार्य क्षेत्रको मातहतमा रहेका युवा/यूवती उद्यमीहरुलाई आवश्यक प्राविधिक सेवा उपलब्ध गराउने ।
- चौमासिक र वार्षिक रुपमा अनुगमन गरी जि.प.से.का. मा प्रगति प्रतिवेदन पठाउने ।

**७.३ सिफारिस गर्ने वा जमानी वस्ने कानुनी मान्यता प्राप्त संस्थाको जिम्मेवारी**

यस्ता संस्थाहरुमा दर्ता भएका युवा क्लव/सामुदायिक संस्था/सहकारी संस्था/गैर सहकारी संस्था, न.पा./गा.वि.स. आदि पर्दछन् । जसको जिम्मेवारी निम्नानुसार हुनेछ ।

- सही रुपमा काम गर्ने वास्तविक वेरोजगार युवा/यूवतीहरुलाई स्वरोजगारको लागि लिखित सिफारिस गर्ने ।
- युवाले गरेको कामको नियमित अनुगमन गर्ने, रिपोर्टिङ्ग गर्ने र सहजकर्ताको भुमिका निर्वाह गर्ने ।
- सिफारिस गरी जमानी वसे वापत (न.पा./गा.वि.स. वाहेकले) व्यवसायवाट प्रतिफल लिन शुरु गरे पछि वार्षिक आम्दानीको २% को दरले सहयोगी संस्थाले लिने सक्नेछ ।

**७.४. जिल्ला पशु सेवा कार्यालयको जिम्मेवारी**

- पशु विकास कार्यदल (Livestock Action Team) का सदस्यहरुलाई कार्यक्रमको वारेमा जानकारी गराउने ।
- सूचना प्रकाशन (अनुसूची १ अनुसार) गरी वेरोजगार युवाहरुवाट दरखास्त (अनुसूची २ अनुसार) आह्वान गर्ने ।
- सानो तिनो सहयोग पाएका स्वदेश मै वसेर व्यवसाय गर्न ईच्छुक वेरोजगार युवा /यूवती उद्यमीहरुको छनौट गर्ने । यसरी छनौट गर्दा निम्न वुंदाहरुलाई आधार मान्ने ।

**छनौट गर्ने आधारहरु**

१. सिफारिस गर्ने संघ/संस्थाको विश्वसनियता/वैधानिकता ।

२. सम्बन्धित युवाले पेश गरेको कार्य योजना (अनुसूची ३ अनुसारको फर्मेटमा) उसको काम गर्न सक्ने क्षमता र विषय प्रतिको ज्ञान शिप ।

३. अरु कुनै व्यवसाय गरेको/नभएको (वेरोजगार/अर्ध वेरोजगार) र आफै पुरा लगानी गर्ने क्षमता नभएको ।

४. प्रस्ताविक योजनाको कम्तिमा ३० प्रतिशत लगानी आफै गर्न ईच्छुक ।

५. पेश गरेको कार्य योजना आर्थिक तथा प्राविधिक रुपले सम्भाव्य र वातावरण प्रतिकुल प्रभाव नपार्ने खालको ।

६. पशुपालन, पशु जन्य पदार्थ प्रशोधन तथा विक्रि वितरण सँग सम्बन्धित व्यवसाय हुनु पर्ने ।

७. शैक्षिक योग्यता कम्तिमा कक्षा ८ पास भएको । CTEVT वाट Skill Test पास गरेको महिला, दलितहरुलाई प्राथमिकता दिईने छ ।

८. अनुसूची ४ को फर्मेट अनुसार मूल्याङ्कन गरी सबैभन्दा वढी अङ्क प्राप्त गर्ने यूवा/यूवतीहरुलाई मेरीटको आधारमा छनौट गर्ने ।

  - छनौट भएका युवा/युवतीहरु सँग सिफारिस गर्ने संस्थाको रोहवरमा त्रिपक्षिय सम्झौता (अनुसूची ५ अनुसार) गरी चेक/ड्राफ्ट मार्फत सिधै रकम सम्बन्धित युवाको छनौट र सिफारिसमा दुई किस्ता ( पहिलो किस्तामा ५०% र दोश्रो किस्तामा ५०%) गरी अनुदान स्वरुप उपलब्ध गराउने र बुझेको भरपाई राख्ने । यसरी उपलब्ध गराउने अनुदान सहयोग प्रति व्यक्ति अधिकतम रु. १०००००/- ( एक लाख) सम्मको हुनेछ ।
  - उद्यमी युवा/यूवतीहरुलाई आवश्यक पर्ने प्राविधिक सेवा उपलब्ध गराउने ।
  - मातहतका सेवा केन्द्र/उप-केन्द्र वा जिल्ला पशु सेवा कार्यालय आफैले नियमित गरी चौमासिक र वार्षिक रुपमा प्रगति विवरण पेश गर्ने ।
  - छनौट भएका वेरोजगार युवाहरुलाई Livestock Action Team (LAT) वैठकवाट अनुमोदन गराउने ।

**७.५ क्षेत्रिय पशु सेवा निर्देशनालयहरुको जिम्मेवारी**

- कार्यक्रमको अनुगमन गरी आवश्यक निर्देशन दिने ।
- चौमासिक र वार्षिक रुपमा कार्यक्रमको प्रगति विवरण संयोग (Compile) गरी पशु उत्पादन निर्देशनालयमा पठाउने ।

## ७.६ पशु उत्पादन निर्देशनालयको जिम्मेवारी

कार्यक्रम वजेट र अख्तियारी स्वीकृत गर्ने/गराउने ।
कार्यक्रमको कार्यविधि/निर्देशिका तयार गरी स्वीकृत कार्यविधि/निर्देशिका कार्यान्वयनमा ल्याउने ।
कार्यक्रमका लागि सूचना प्रकाशन सम्बन्धित कार्यहरु गर्ने ।
कार्यक्रमको अनुगमन/मूल्याङ्कन गर्ने ।
वार्षिक रुपमा कार्यक्रमको वस्तुस्थिति प्रतिवेदन तयार गर्ने ।
कार्यक्रम संचालनको लागि सहजकर्ताको भूमिका निर्वाह गर्ने ।
चौमासिक र वार्षिक रुपमा कार्यक्रमको प्रगति विवरण संयोग (Compile) गर्ने र विभाग तथा मन्त्रालयमा पठाउने ।

## ८. कार्यक्रम संचालन गर्ने प्रकृया

| कार्य चरण | कार्यविधि | उत्तरदायी संस्था | कार्य अवधि |
|---|---|---|---|
| १. | पशु विकास कार्यदलको वैठक वोलाई सदस्यहरुलाई कार्यक्रमको अवधारणा र कार्यक्रम संचालन गर्ने कार्य विधिवारे जानकारी गराउने, कार्यक्रम संचालन गर्नको लागि संभाव्य न.पा./गा.वि.स. हरुको सूची तयार पारी न.पा./गा.वि.स. हरुको छनौट गर्न (सोको लागि आवश्यक परे LAT भ्रमण समेत गर्न सकिने छ) र अनुसूची १ अनुसार सूचना प्रकाशन गरी ईच्छुक वेरोजगार युवाहरुवाट पशु सेवा केन्द्र/उप-केन्द्र को प्राथमिकरण सहितको सिफारिसमा माग गर्ने निर्णय गर्ने | जि.प.से.का./LAT | १ दिन |
| २. | तेकिएको ढाँचा (अनुसूची १) अनुसार १५ दिनको समय दिई सूचना प्रकाशन गर्ने । यसरी प्रकाशन गर्ने सूचना सम्बन्धित गा.वि.स./न.पा./वार्ड कार्यालयहरु, सम्बन्धित से.के./उ.के., सार्वजनिक स्थल, जि.वि.स. का. कार्यालय जि.प.से.का., मालपोत कार्यालय आदीको सूचना पार्टीमा टाँस गर्ने र ईच्छुक वेरोजगार युवा/यूवती हरुवाट आफूलाई चिन्ने/आवद्ध रहेको संस्थाको सिफारिस सहित आवेदन (अनुसूची २ अनुसार) माग गर्ने । यसरी माग गर्ने आवेदन साथ नेपाली नागरिकताको प्रमाण-पत्र तथा अन्य प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि, गर्न खोजेको कामको संक्षिप्त कार्य योजना (अनुसूची ३ अनुसार), सम्बन्धित व्यवसायमा कुनै तालीम प्राप्त गरेको भए सोको प्रतिलिपि र पासर्पोट साईजको १ थान फोटो समेत संलग्न हुनु पर्नेछ । यसरी आवेदन दिन आउने युवा/यूवती हरुवाट उनीहरुको कार्य योजना अनुसार उनीहरुले प्राप्त गर्न खोजेको अधिकतम रु. १००,०००/- (एकलाख) सम्मको वस्तुगत सामाग्रीको सूची र सम्भव भए सम्म प्राप्त गर्ने श्रोत समेत खुलाई लिखित रुपमा माग गर्ने | जि.प.से.का./LAT | १५ दिन |
| ३. | कार्यक्रमको माग गरी तोकिएको समय अवधि भित्र परेका आवेदनहरुलाई सोझै जि.प.से.का. मा दर्ता गर्ने । आवश्यक दरखास्त संख्या नपुगेमा आवश्यकता अनुसार दरखास्त लिई कार्यक्रम संचालन गर्दै जाने । | जि.प.से.का. | १५ दिन |
| ४. | यूवा/यूवतीहरु छनौट गर्ने मिति भन्दा ५-७ दिन अगावै पूनः पशु विकास कार्यदल (LAT) को वैठक वसी, LAT सदस्य मध्येवाटै जि.प.से.का. प्रमुख वा निजले तोकेको अधिकृतको संयोजकत्वमा ३ सदस्यिय छनौट | जि.प.से.का./LAT | १ दिन |

| | | | |
|---|---|---|---|
| | समिति गठन गर्ने । | | |
| ५. | सिफारिस गर्ने/जमानी बस्ने संस्थाको विश्वश्नियता (संस्थाको द.नं., नविकरण, लेखा परिक्षण प्रतिवेदन, अनुभव, कुनै कारवाहीमा परे/नपरेको आदीको आधारमा हेर्ने), सम्बन्धित उद्यमीले पेश गरेको कार्य योजनाको आर्थिक तथा प्राविधिक सम्भाव्यता, कार्य योजना र पेश गरेको व्यवसाय प्रति उसको ज्ञान, सिप/दक्षता आदि विषयलाई आधार बनाई मूल्याङ्कन गर्ने (अनुसूची ४ अनुसार) र युवा/यूवतीहरुको छनौट गर्ने । | जि.प.से.का. छनौट समिति | ३ दिन |
| ६. | पूनः LAT को वैठक वसी चरण ५ अनुसार छनौट गरीएका युवा/यूवतीहरुको अनुमोदन गर्ने । | LAT | १ दिन |
| ७. | चरण ६ अनुसार अनुमोदन गरिएका युवा/यूवतीहरुको नामावली प्रकाशन गरी सम्पर्क राख्नको लागि वोलाउने । | जि.प.से.का. छनौट समिति | १ दिन |
| ८. | छनौट भएका युवाहरुले जि.प.से.का. वाट अनुदान प्राप्त गर्नु पूर्व जि.प.से.का./प.से.के./उ.के. सँग परामर्श गरी व्यवसाय संचालनको लागि आवश्यक पर्ने अन्य पूर्वाधार (गोठ, प्रशोधन स्थल छनौट आदी) तयार गर्ने र सोको जानकारी जि.प.से.का. लाई गराउने । | युवा उद्यमी | १ महिना |
| ९. | जि.प.से.का. वाट उद्यमीले तयार गरेको पूर्वाधारको अनुगमन गर्ने । | LAT/ जि.प.से.का. | ७ दिन |
| १०. | उद्यमी युवा/यूवतीको तर्फवाट आवश्यक पूर्वाधार तयार भैसके पछि सिफारिस गर्ने संस्थाको रोहवरमा त्रिपक्षिय सम्झौता (अनुसूची ५ अनुसार) गरी अधिकतम रु. १००,००० (एकलाख) वरावरको चेक/ड्राफ्ट मार्फत सिधै रकम उपलब्ध गराउने । यसरी उपलब्ध गराउँदा दुई किस्ता (पहिलो किस्तामा ५०% र काम गरे पछि दोश्रो किस्तामा ५०%) गरी उपलब्ध गराउने । | जि.प.से.का. | आवश्यकता अनुसार |
| ११. | सम्बन्धित प.से.के./उ.के. र सिफारिस गर्ने संस्थाले नियमित रुपमा उद्देश्य अनुरुप काम भए नभएको अनुगमन गरी जि.प.से.का. मा प्रतिवेदन वुझाउने/वुझाउन लगाउने (अनुसूची ६ अनुसार) । | प.से.के./उ.के./ सिफारिस गर्ने संस्था | चौमासिक र वार्षिक रुपमा |
| १२. | व्यवसायवाट प्रतिफल लिन शुरु गरे पछि सिफारिस गर्ने/जमानी वस्ने संस्थालाई शुरु लगानी भएको रकमको २ (दुई) प्रतिशतको दरले हुन आउने रकम दाँवासाहीले चौमासिक रुपमा संस्थालाई सहयोग स्वरुप उपलब्ध गराउने (संस्थाको दिगो विकासको लागि) यस्तो सहयोग कम्तिमा ३ वर्ष सम्म उपलब्ध गराउनु पर्नेछ । | उद्यमी यूवा/यूवती सिफारिस गर्ने संस्था | १ दिन |
| १३. | जि.प.से.का./LAT ले चौमासिक र वार्षिक रुपमा अनिवार्य रुपले अनुगमन गरी वार्षिक प्रतिवेदन तयार गर्ने/समिक्षा गर्ने । | जि.प.से.का./LAT | ७ दिन |
| १४. | आर्थिक नर्मस् अनुसूची ७ अनुसार हुनेछ । | जि.प.से.का. | |
| १५. | यसमा उल्लेख नभएका कार्यक्रमहरु पशु सेवा विभागको नर्मस् निर्देशिका तथा प्रचलित ऐन नियम तथा आर्थिक नियमावली अनुसार हुनेछ । | जि.प.से.का. | |

### अनुसूची - १

# ग्रामिण युवा स्वरोजगार प्रवर्द्धन पशु विकास कार्यक्रमको प्रस्ताव आव्हानको सूचनाको ढाँचा

## सूचना । सूचना ॥ सूचना ॥।

यस कार्यालयको आ.व. २०...../.... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार केहि वेरोजगार युवाहरुलाई पशु सेवा सम्बन्धि कार्यक्रमको माध्यमवाट स्वरोजगार प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा LAT को वैठकवाट छनौट गरीएका .............................. न.पा./गा.वि.स. हरुका ईच्छुक १८ देखी ५० वर्ष उमेरमा अर्ध वेरोजगार/वेरोजगार/विदेश बाट फर्केका युवा/यूवतीहरुवाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनु होला । पूनश्चः आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचना द्धारा सूचित गरिन्छ ।

**तपशिल**

१. अनुसूची २ अनुसारको आवेदन फाराम ।
२. अनुसूची ३ अनुसारको संक्षिप्त कार्य योजना ।
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता आदी) को प्रतिलिपिहरु ।

**अनुसूची - २**

# ग्रामिण युवा स्वरोजगार प्रवर्द्धन पशु विकास कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन-पत्र

श्रीमान् प्रमुखज्यू,
जिल्ला पशु सेवा कार्यालय,
............................... ।

**विषय : युवा स्वरोजगार प्रवर्द्धन अनुदान सहयोग उपलब्ध गराई दिने वारे ।**

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी .......... ....... ....... कार्य गर्न तिब्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित जिल्ला भित्रै रही कार्य गर्नेछु । पूनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

**तपशिल**

१. अनूसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
३. फर्म/समुह/समिति/सहकारी सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि
४. अन्य प्रमाणीत प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता) आदिका प्रतिलिपीहरु)
५. बैदेशिक रोजगार वाट फर्केकाको हकमा पासपोर्टको प्रतिलिपि
६. समुह/समिति/सहकारिका सदस्यहरुको परियोजना प्रस्ताव पेश गर्न र परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धताको निर्णयको प्रतिलिपि

निवेदकको
नाम :
दस्तखत :
ठेगाना :

**संघ/संस्थाको सिफारिस**

यस ....................................... संघ/संस्था/सहकारी को मिति .................... को निणर्य अनुसार निवेदनकर्तालाई ................................ कार्यको लागि यस .................. को जमानतमा माग गरे बमोजिमको रु. ........................... अनुदान सहयोग उपलब्ध गराई दिन हुन अनुरोध गर्दछौ ।

सिफारिस गर्ने पदाधिकारीको

नाम :
पद :
दस्तखत र मिति :
संघ/संस्थाको नाम र ठेगाना :
सम्पर्क नं. :
संस्थाको छाप :

**अनुसूची - ३**

## ग्रामिण युवा स्वरोजगार प्रवर्द्धन पशु विकास कार्यक्रमको अवधारणा कार्यक्रमको संक्षिप्त कार्य योजना

उद्यमी युवा/यूवतीको नाम थर :
ठेगाना : .................. गाउँ/टोल : ................... वार्ड नं. : ....... गा.वि.स. : ................
जिल्ला : ..................
संचालन गर्न खोजेको पशु सेवा सम्बन्धि व्यवसाय र स्थान :
सहयोग स्वरुप माग गरेको अनुदान रकम/लगानी :
आफ्नो लगानी :
आफ्नो पारिवारिक श्रम :
व्यवसायवाट उत्पादन हुने वस्तु :
उत्पादित वार्षिक वजार :
अपेक्षित वार्षिक प्रतिफल :
व्यवसायले वातावरणमा नकारात्मक प्रभाव पार्छ/पार्दैन ?

फर्म/समुह/समिति/सहकारीको नाम : सम्पर्क नम्वर:

ठेगाना: गाउं/टोल वडा नं. गा.वि.स. जिल्ला

व्यवशाय संचालन गरिने स्थान :

संचालन गरिने कार्य विवरण:

| क.सं. | संचालन गरिने कियाकलाप | अनुदान सहयोग | नीजि लगानि | जम्मा लगानि |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

व्यावसायिले अनुदान रकमको तीस प्रतिशत बराबरको रकम प्रस्तावित योजनामा आफनो तर्फबाट समावेस गर्नु पर्नेछ ।

व्यवशाय गरेको भए, विगत कति वर्ष देखि ......... निरन्तर गरि रहेको? वर्ष.........महिना.......
व्यवसायको लागि श्रमको व्यवस्थापन : क) पारिवारीक ख) वाहिर वाट ग) दुवै
उत्पादित वस्तुको बजार :

अपेक्षित वार्षिक प्रतिफल :
तर्फ वाट सहि गर्नेको

| | |
|---|---|
| नाम : | संस्थाको छापः |
| पद : | |
| दस्तखत : | मिति : |

**अनुसूची - ५**

## ग्रामिण युवा स्वरोजगार प्रवर्द्धन पशु विकास कार्यक्रम संचालनको लागि गरिने त्रिपक्षिय सम्झौता-पत्र

पशु सेवा विभाग/पशु उत्पादन निर्देशनालय द्धारा जिल्ला पशु सेवा कार्यालय ........ मार्फत संचालन गरिने चालु आ.व. ............. को स्वीकृत ग्रामिण युवा स्वरोजगार प्रर्वर्द्धन पशु विकाश कार्यक्रम संचालन गर्न जिल्ला पशु सेवा कार्यालय, (यस भन्दा पछाडि पहिलो पक्ष भनिने), विशिष्टताको आधारमा छनौट भएका यूवा कृषक श्री/सुश्री/श्रीमती .................................................. (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) र सम्बन्धित उद्यमीलाई अनुदान रकम प्राप्त गर्न सिफारिस गर्ने/जमानी वस्ने ............................................ (संघ/संस्था) (यस भन्दा पछाडी तेश्रो पक्ष भनिने) विच तपशिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न त्रिपक्षिय सम्झौता/सहमति भएको छ ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजना अनुसार २ किस्तामा सामाग्री वा सोझै नगद/ड्राफ्ट/चेक अनुदान स्वरुप तेश्रो पक्षको रोहवरमा उपलब्ध गराउने छ ।
२. दोश्रो पक्षले पहिलो पक्षवाट आवश्यक प्राविधिक प्राप्त गरी आफूले आवेदन गरे अनुसारको ........................... व्यवसाय संचालन गर्नेछ । कम्तीमा ३ वर्ष सम्म दोश्रो पक्षले उक्त व्यवसायलाई निरन्तरता दिनु पर्नेछ ।
३. पहिलो र तेश्रो पक्षले नियमित रुपमा व्यवसाय संचालन गरे नगरेको अनुगमन गर्नेछन् । व्यवसायलाई सफल पार्न सहजकर्ताको भूमिका निर्वाह गर्नेछन् ।
४. व्यवसायवाट प्रतिफल पाउनु शुरु गरेपछि कम्तिमा ३ वर्षसम्म दोश्रो पक्षले तेश्रो पक्षलाई शुरुमा प्राप्त अनुदान सहयोगको २% दरले हुन आउने रकम दामासाहीले प्रत्येक चौमासिकमा तेश्रो पक्षलाई वुझाउने छ । (संस्थाको दिगो विकासको लागि) ।
५. पहिलो पक्षवाट प्राप्त अनुदान सहयोगलाई दोश्रो पक्षले कम्तिमा ३ वर्ष सम्म मास्न वा दुरुपयोग गर्न पाउने छैन र त्यसो भएको पाईएमा निजवाट सो रकम असुल उपरको लागि प्रचलित कानुन बमोजिम आवश्यक कारवाही गरीनेछ । व्यवसायवाट उत्पादित वस्तुको वजार व्यवस्था दोश्रो पक्ष स्वयंले नै गर्नु पर्नेछ ।
६. यस सम्झौता उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयं आफै हुनेछ ।
७. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुने छ ।

| **पहिलो पक्ष** | **दोश्रो पक्ष** | **तेश्रो पक्ष** |
|---|---|---|
| जि.प.से.का. को तर्फवाट सहि गर्नेको | यूवा उद्यमीको | संस्थाको तर्फवाट सहि गर्नेको |
| नाम : | नाम : | नाम : |
| पद : | ठेगाना : | पद : |

| | | |
|---|---|---|
| दस्तखत : | दस्तखत : | दस्तखत : |
| मिति : | मिति : | मिति : |
| कार्यालयको छाप : | औठाको छाप :<br>दा. वाँ. | संस्थाको छाप : |

सम्पर्क फोन नं. : सम्पर्क फोन नं. : सम्पर्क फोन नं. :

**अनुसूची - ६**

# ग्रामिण यूवा स्वरोजगार प्रवर्द्धन पशु विकास कार्यक्रमको प्रगति विवरण पठाउने फारामको ढाँचा

| | | |
|---|---|---|
| १. उद्यमी कृषकको | २. सिफारिस गर्ने संस्थाको | ३. संचालित व्यवसायको |
| नाम : | नाम : | नाम : |
| ठेगाना : | ठेगाना : | ठेगाना : |

४. आ.व. ५. प्रगति प्रतिवेदन अवधी : चौमासिक/वार्षिक

| क्र.सं. | कार्य विवरण | ईकाई | परिमाण | आई परेका वाधा अड्चनहरु | समाधानको लागि सुझावहरु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रति ईकाई उत्पादित पशु जन्य पदार्थको स्थानिय वजारको विक्रि मूल्य :

१. फुलको ....... २. मासुको ....... ३. अन्य ....

| | | |
|---|---|---|
| युवा उद्यमीको नाम : | दस्तखत : | मिति : |
| ठेगाना : | | |
| सिफारिस गर्ने संस्थाको पदाधिकारीको | दस्तखत : | मिति : |
| सम्बन्धित सेवा केन्द्रका पदाधिकारीको | दस्तखत : | मिति : |

**अनुसूची - ७**

# कार्यक्रमको लागि वजेट खर्च गर्ने आर्थिक नर्मस्

| सि.नं. | विवरण | कार्यक्रम वजेट | कैफियत |
|---|---|---|---|
| १. | उद्यमी युवा/यूवतीहरुलाई कार्यक्रम खर्च (उद्यमीहरुले पेश गरेको कार्यक्रमलाई कार्यालयवाट अनुदान) | प्रति युवा/यूवतीको लागि अधिकत्म रु. १००००० /- (एक लाख)सम्म | |
| २. | कार्यक्रम अनुगमन दै.भ्र.भ., स्टेसनरी, LAT वैठक, गोष्ठि आदी समेतको लागि कार्यालय संचालन खर्च | स्विकृत कार्यक्रम नर्मस् अनुसार | |
| ३. | सिफारिस समितिका सदस्यहरुलाई वर्षमा ३ पटक सम्म प्रति सदस्यलाई LAT वैठक भत्ता वरावरको रकम उपलब्ध गराउने । | स्विकृत कार्यक्रम नर्मस् अनुसार | |

**अनुसूची - ४**

# ग्रामिण युवा स्वरोजगार प्रवर्द्धन पशु विकास कार्यक्रमको प्रस्ताव मूल्यांकन फाराम

| क्र. सं. | द.नं. | आवेदकको नाम | ठेगाना | मूल्याङ्कन (१०० पूर्णङ्कमा गर्ने) | | | | | कुल प्राप्ताङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | उद्यमीको व्यवसाय प्रतिको अनुभव/तालिम (३०) | सिफारिस गर्ने संस्थाको विश्वसंनियता (१०) | पेश गरेको कार्ययोजना (३०) | उक्त स्थानमा व्यवसायको सम्भाव्यता उपयूक्ता ( १५) | वास्तविक लक्षित वर्ग (१५) | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

छनौट समितिका पदाधिकारीहरुको नाम, थर, पद, दस्तखत र मिति :

१.

२.

३.

## ग्रामिण युवा स्वरोजगार प्रवर्द्धन पशु विकास कार्यक्रमको कार्यविधि, २०६४
## (पहिलो संशोधन २०७० )

### संशोधनको लागि पेश गरिएका बुदा तथा क्रियाकलापहरु

| सि.नं | पे.ज.नं वुदा नं | स्वीकृत भएको | संशोधनको लागि पेश भएको | कैफियत |
|---|---|---|---|---|
| १. | पेज.नं. १ पृष्ठभुमी | यूवा उमेर १६ देखि ५९ र १८ देखि ४० भएको | १८ देखि ५० उमेर सम्मको | |
| २. | पेज.नं. १ उद्धेश्य वुदा नं १ र २ | १.ग्रामिण वेरोजगार/अर्ध वेरोजगार<br>२. ग्रामिण कृषक परिवारको गरिवी न्यूनिकरणमा सहयोग पुऱ्याउने । | १.ग्रामिण वेरोजगार/अर्ध वेरोजगार/वैदेशिक रोजगारीवाट फर्केका<br>२. यूवाहरुको आय आर्जनमा टेवा पुऱ्याई ग्रामिण कृषक परिवारको गरिवी न्यूनिकरणमा सहयोग पुऱ्याउने । | |
| ३ | पेज.नं. १ **बुदा नं. ४ कार्यक्रम सञ्चालन हुने स्थानः** | ग्रामिण बेरोजगार युवा जनशक्ति कामको खोजीमा भौतारी रहेको वा विदेश तिर पलायन हुने गरेको जिल्लाहरुको सूची बनाई जुन जिल्लामा अधिकतम त्यस्ता बेरोजगार युवा जनशक्ति बढी पाईन्छन् त्यस्ता जिल्लाहरुलाई प्राथमिकता दिइने | क्षेत्रिय सन्तुलनको आधारमा पाँचै विकास क्षेत्रका तुलनात्मक रुपमा वढी वेरोजगार/वैदेशिक रोजगारमा गएका जिल्लाहरुलाई संभाव्यताको आधारमा पशु उत्पादन निर्देशनालयले जिल्ला प्राथमिकिकरण सहित छनौट गर्नेछ । | |
| ४ | पेज.नं. १ **बुदा नं. ५** | २. पशुपालन, (गाई, भैसी, चौरी, वंगुर, कुखुरा र बाख्रा) व्यवसाय ।<br>दाना पसल संचालन गर्ने संवन्धी व्यवशायहरु आदी । | पशुपालन (गाईभैसीपालन, याकनाक,चौरीपालन,बाख्रापालन, बंगुरपालन, कुखुरापालन)<br>तोकिएको तालिम तथा योग्यता पुगि भेटेनरी औषधी तथा पशुपंक्षी दाना सम्बन्धि व्यवसाय र कृत्रिम गर्भाधान सम्बन्धि व्यवसाय | |
| ५ | पेज.नं. २ **बुदा नं. ६** | चरणवद्ध कार्यविधीको कार्यान्वयनमा पारदर्शिता । | नराखिएको<br>सूचना प्रकाशन (थप भएको) | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ६ | पेज.नं. ३ **बुदा नं. ७.४ जिल्ला पशु सेवा कार्यालयको जिम्मेवारी अर्न्तगत छनौट गर्ने आधारहरु बुदा ४** | प्रस्ताविक योजनाको कम्तिमा २५ प्रतिशत लगानी आफै गर्न ईच्छुक ।<br><br>छनौट भएका युवा/युवतीहरु सँग सिफारिस गर्ने संस्थाको रोहवरमा त्रिपक्षिय सम्झौता (अनुसूची ५ अनुसार) गरी चेक/ड्राफ्ट मार्फत सिधै रकम सम्बन्धित युवाको छनौट र सिफारिसमा दुई किस्ता ( पहिलो किस्तामा ७५% र दोश्रो किस्तामा २५%) गरी अनुदान स्वरुप उपलब्ध गराउने र वुझेको भरपाई राख्ने । यसरी उपलब्ध गराउने अनुदान सहयोग प्रति व्यक्ति अधिकतम रु. ३०,०००/- (तीस हजार) सम्मको हुनेछ । | प्रस्ताविक योजनाको कम्तिमा ३० प्रतिशत लगानी आफै गर्न ईच्छुक ।<br><br>छनौट भएका युवा/युवतीहरु सँग सिफारिस गर्ने संस्थाको रोहवरमा त्रिपक्षिय सम्झौता (अनुसूची ५ अनुसार) गरी चेक/ड्राफ्ट मार्फत सिधै रकम सम्बन्धित युवाको छनौट र सिफारिसमा दुई किस्ता ( पहिलो किस्तामा ५०% र दोश्रो किस्तामा ५०%) गरी अनुदान स्वरुप उपलब्ध गराउने र वुझेको भरपाई राख्ने । यसरी उपलब्ध गराउने अनुदान सहयोग प्रति व्यक्ति अधिकतम रु. १०००००/- (एक लाख) सम्मको हुनेछ । | |
| ७ | पेज.नं. ४ **बुदा नं. ८ कार्यक्रम संचालन गर्ने प्रकृया अर्न्तगत बुदा २**<br><br>**बुदा नं. ८ कार्यक्रम संचालन गर्ने प्रकृया अर्न्तगत<br>बुदा १०** | यसरी आवेदन दिन आउने युवा/यूवती हरुवाट उनीहरुको कार्य योजना अनुसार उनीहरुले प्राप्त गर्न खोजेको अधिकतम रु. ३०,०००/- (तीस हजार) सम्मको वस्तुगत सामाग्रीको सूची र सम्भव भए सम्म प्राप्त गर्ने श्रोत समेत खुलाई लिखित रुपमा माग गर्ने<br><br>उद्यमी युवा/यूवतीको तर्फवाट आवश्यक पूर्वाधार तयार भैसके पछि सिफारिस गर्ने संस्थाको रोहवरमा त्रिपक्षिय सम्झौता ( अनुसूची ५ अनुसार) गरी अधिकतम रु. ३०,०००(तीसहजार)वरावरको चेक/ड्राफ्ट मार्फत सिधै रकम उपलब्ध गराउने । यसरी उपलब्ध गराउँदा दुई किस्ता ( पहिलो किस्तामा ७५% र काम गरे पछि दोश्रो किस्तामा २५%) गरी उपलब्ध गराउने । | यसरी आवेदन दिन आउने युवा/यूवती हरुवाट उनीहरुको कार्य योजना अनुसार उनीहरुले प्राप्त गर्न खोजेको अधिकतम रु. १००,०००/- (एकलाख) सम्मको वस्तुगत सामाग्रीको सूची र सम्भव भए सम्म प्राप्त गर्ने श्रोत समेत खुलाई लिखित रुपमा माग गर्ने<br><br>उद्यमी युवा/यूवतीको तर्फवाट आवश्यक पूर्वाधार तयार भैसके पछि सिफारिस गर्ने संस्थाको रोहवरमा त्रिपक्षिय सम्झौता ( अनुसूची ५ अनुसार) गरी अधिकतम रु. १००,००० (एकलाख) वरावरको चेक/ड्राफ्ट मार्फत सिधै रकम उपलब्ध गराउने । यसरी उपलब्ध गराउँदा दुई किस्ता ( पहिलो किस्तामा ५०% र काम गरे पछि दोश्रो किस्तामा ५०%) गरी | |

| | | | | |
|---|---|---|---|---|
| | | | उपलब्ध गराउने । | |
| ८ | **पे.ज. नं. ६ अनुसूची - १** प्रस्ताव आव्हानको सूचनाको ढाँचा | ईच्छुक १८ देखी ४० वर्ष उमेरमा अर्ध वेरोजगार/वेरोजगार युवा/यूवतीहरुवाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ | ईच्छुक १८ देखी ५० वर्ष उमेरमा अर्ध वेरोजगार/वेरोजगार/विदेश बाट फर्केका युवा/यूवतीहरुवाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ | |
| ९ | **पेज नं. १२ अनुसूची - ४** प्रस्ताव मूल्यांकन फाराम | उद्यमीको व्यवसाय प्रतिको अनुभव/तालिम (२०)<br>सिफारिस गर्ने संस्थाको विश्वसंनियता (२०)<br>पेश गरेको कार्ययोजना (२०)<br>उक्त स्थानमा व्यवसायको सम्भाव्यता उपयूक्ता (२०)<br>वास्तविक लक्षित वर्ग (२०) | उद्यमीको व्यवसाय प्रतिको अनुभव/तालिम (३०)<br>सिफारिस गर्ने संस्थाको विश्वसंनियता (१०)<br>पेश गरेको कार्ययोजना (३०)<br>उक्त स्थानमा व्यवसायको सम्भाव्यता उपयूक्ता (१५)<br>वास्तविक लक्षित वर्ग (१५) | |
| १० | **पे.नं. ११ अनुसूची - ७** कार्यक्रमको लागि वजेट खर्च गर्ने आर्थिक नर्मस् सि.नं. १ | प्रति युवा/यूवतीको लागि अधिकत्म रु. ३०,०००/- (तीस हजार)सम्म | प्रति युवा/यूवतीको लागि अधिकत्म रु. १०००००/- (एक लाख)सम्म | |